परिवर्तनको लागि

# क्राईम अपरेशन

CRIME OPERATION साप्ताहिक

❑ वर्ष १२ ❑ अंक ३६ २०८१ वैशाख ९ गते आईतवार Sunday 21, APR 2024 ❑ पृष्ठ: ६, ❑ मूल्य रु. १०/-

क्राईम अपरेशन साप्ताहिक पत्रिकाको इ-पेपर www.crimeoperation.net मा लगइन गरी हेर्न सम्पूर्ण महानुभावहरुमा हार्दिक अनुरोध गर्दछु ।

सम्पादक

## धुमधामले सामुहिक विवाह, पन्द्र जोडीको विवाहमा पैतिस लाख खर्च !

विराटनगर । सामूहिक विवाह गराउनुको अर्थ हुन्छ जति सक्दो खर्च कम गर्नु तर विराटनगरमा एक संस्थाले धुमधामका साथ १५ जोडीको विवाहमा करीब ३५ लाख खर्च गरेका छन् ।



सामुहिक विवाह आयोजना गर्ने माहेश्वरी मंच विराटनगरले विहीवार अतिथी सदनमा १३ जोडी सन्थान, एक जोडी चौधरी र एक जोडी राजवंशी समुदायका केटाकेटी सहभागी रहेको विवाहमा सो खर्च गरेको थियो ।

आदीवासी जनजाति समुदाय का करीब ५ सय जनाको उपस्थिति रहेको सो विवाहमा कोही जन्तीको रुपमा केटा पक्षद्धारा आएका थिए भने कोही कोही केटीका पक्षवाट आएका थिए । त्यसै गरी कन्या दान गर्न पनि वेहोलीको पक्षवाट उस्थिति रहको थियो ।

विवाहको लागि अतिथि सदनमा ठूलो पण्डालको व्यवस्था गरिएको थियो । बाजागाजाका साथ भई रहको विवाहमा संन्थाल समुदायको सांस्कृति वाजा समेत रहको थियो । विवाह मण्डवको सजावट र वाजागाजा हेर्दा खेरी कुनै उच्च घरानाको छोरा छोरीको विवाह भई रहको भान भई रहेको थियो ।

विवाह स्थलमा १५ वटा मण्डप बनाईएको थियो । जहा आ-आफ्नै रितिरीवा, संस्कृति, परम्परा अनुसार मन्त्र उच्चारण गरी विवाह भई रहेको थियो ।

वांकी अन्तिम पेजमा...

## दाजुलाई कुटपीट गरी मारेको आरोपमा भाई पक्राउ

विराटनगर । आफ्नै सहोदर माईला भाईले कुटपीट गरी दाईलाई मारेको आरोपमा भाईलाई प्रहरीले पक्राउ गरको छ ।

घटनाको विवरण अनुसार जिल्ला संखुवासभा सभापोखरी गाँउपालिका वडा नम्बर-३ इथुम्बु बस्ने भै विर राईको छोरा वर्ष ४० को कान नसुन्ने र बोली समेत नआउने (ख वर्गको बौद्धिक अपाङ्गता भएको) सनमान राईलाई सहोदर माईला भाई वर्ष ३५ को प्रविण राईले कुटपिट गरी हत्या गरको आरोप छ ।

आफ्नै घर आगनमा राखेको दाउराको विषयमा आपसी विवाद हुँदा प्रविण राईले सनमान राईलाई कुटपीट गरी धकेल्दा आँगनमा लडी सनमान राईको टाउको आँगनमा बिछ्छ्याएको ढुंङ्गामा ठोकिन गई गम्भिर घाईते भएको थियो । उपचारको लागि लैजाने तयारी गर्दैको अवस्थामा घट्नास्थलमै मृत्यू भएको थियो ।

उक्त घटनाको जानकारी प्राप्त भई यस कार्यालय तथा मातहत प्रहरी चौकी बाह्रबिसे, संखुवासभाबाट खटिएको प्रहरी अधिकृत समेतको टोलिले घटनास्थल अनुसन्धान सम्पन्न गरेको थियो । कुटपिट गर्ने प्रविन राईलाई प्रहरी टोलीले घट्नास्थलबाट नियन्त्रण लिई थप अनुसन्धान कार्य भई रहेको छ ।

## लागुऔषध सहित सात पक्राउ

बिराटनगर । झापा र सुनसरी जिल्लाको विभिन्न स्थानहरुबाट लागुऔषध सहित ७ जनालाई प्रहरीले पक्राउ गरेको छ ।

जिल्ला प्रहरी कार्यालय झापा तथा मातहत कार्यालयहरुबाट खटिएको प्रहरी टोलीले शुक्रवार झापा जिल्लाका छुट्टाछुट्टै स्थानहरु बाट लागुऔषध ब्राउनसुगर ३ ग्राम ६ सय ४० मिलिग्राम र नगद १२ हजार ४६० रुपैया सहित ४ जनालाई पक्राउ गरेको हो । पक्राउ पर्नेमा बुद्वशान्ती गाउँपालिका( १ का २३ बर्षीय रत्न बहादुर राय, मेचिनगर नगरपालिका( १० का २४ बर्षीय बिक्रम राजवंशी, २२ बर्षीय बिशाल लिम्बु र मेचिनगर( १२ का २२ बर्षीय नेत्र बहादुर राई रहेका छन् ।

त्यसैगरी सुनसरी जिल्लाको छुट्टाछुट्टै स्थानहरु बाट ११ ग्राम ९४५ मिलिग्राम ब्राउनसगुर, टूमानिल, नेटूभेट गरी १ सय ट्याब्लेट र नगद ८ हजार १५५ रुपैया सहित मोरङ केराबारी गाँउपालिका( १० का ३७ बर्षीय राजु मगर, बराहक्षेत्र नगरपालिका( ७ का २५ बर्षीय सुरन भण्डारी र

वांकी अन्तिम पेजमा...

## जीवन विकासको स्वयंसेवक दिवसमा श्रमदान

विराटनगर । जीवन विकास लघुवित्त वित्तीय संस्थाले १६५ स्थानमा विभिन्न कार्यक्रम गरी स्वयंसेवक दिवस मनाएको छ ।

जीवन विकासले हरेक वर्ष बैशाख ७ गते 'जीवन विकास स्वयंसेवक दिवस' मनाउँदै आएको छ । शुक्रबार लघुवित्तले १६५ स्थानमा विभिन्न कार्यक्रम मार्फत श्रमदान गरी दिवस मनाएको हो ।

जीवन विकास लघुवित्तका ७१ वटा शाखा कार्यालयहरुले विपन्न परिवारको घर निर्माण तथा मर्मतमा सहयोग गरेका थिए ।

सुनसरीको वराहक्षेत्र नगरपालिका-४ पीडारीकी गोदी चौधरी, मोरङको धनपालथान गाउँपालिका-६ लोहन्द्रा घाटकी मोनिया कामत र धनपालथान गाउँपालिका-२ की इनरवती ऋषिदेवको घर निर्माणमा जीवन विकास लघुवित्तका प्रमुख कार्यकारी अधिकृत संजयकुमार मण्डल, नायब प्रमुख कार्यकारी अधिकृत दामोदर रेग्मी लगायत विभागिय प्रमुखहरु सहित केन्द्रीय कार्यालयका कर्मचारीहरु खटिएका थिए ।

अन्य स्थानमा शाखा कार्यालयका कर्मचारी, लघुवित्तका सदस्य, थ्रीजिरो क्लव र स्थानीयले घर निर्माण र मर्मतका लागि श्रमदान गरेका थिए ।

शुक्रबार लघुवित्तले १७ स्थानमा वृक्षारोपण, २१ स्थानका स्थानीय बजार र १३ स्थानका मठ मन्दिर सरसफाई गरी डस्टविन वितरण गरेको थियो । ३५ स्थानमा विद्यालय सरसफाई, डस्टविन वितरण तथा हाजिरी जवाफ प्रतियोगिता गरेको थियो । शैक्षिक सामग्री पनि वितरण गरेको थियो ।

तीन स्थानका पार्क तथा कुवा सरसफाई र दुई स्थानमा लघुवित्तको केन्द्र घर मर्मत तथा सरसफाई गरेको थियो । एक स्थानमा स्वास्थ्य शिविर आयोजना गरेको लघुवित्तले एउटा वृद्धा आश्रममा सरसफाई गरी वृक्षारोपण पनि गरेको थियो ।

२०७२ सालमा जीवन विकास लघुवित्तको सदस्य सम्मेलनले श्रमदान गरेर स्वयंसेवक दिवस मनाउने घोषणासहित ७ वैशाखलाई स्वयंसेवक दिवस घोषणा गरेको थियो । २०७३ सालदेखि हरेक वर्ष बैशाख ७ मा जीवन विकास स्वयंसेवक दिवस मनाउँदै आएको छ ।

समुदायमा श्रमदानको भावना विकास गर्नका लागि सामाजिक काम गर्दै स्वयंसेवक दिवस मनाउन थालिएको लघुवित्तका प्रमुख

वांकी अन्तिम पेजमा...




डिभिजन वन कार्यालय, मोरङको

**अत्यन्तै जरुरी सूचना**

यस वर्षाको सुख्खा मौसमको सुरुवात भइसकेको छ । वनलाई डढेलोबाट जोगाउन सम्बन्धित सबै सरोकारवाला, सर्वसाधारणमा निम्नानुसारका सावधानी अपनाउनु हुन अनुरोध छ ।

१) कृपया सलाई, लाइटर जस्ता आगो उत्पन्न गर्ने वस्तुहरु वन क्षेत्रमा जथाभावी प्रयोग नगरौं ।
२) वन क्षेत्र नजिक आगो नबालौं, आगो बालेको भए निभाएर मात्र छाडौं ।
३) वनमा डढेलो लागेको थाहा पाउनासाथ नजिकका वन कार्यालय, प्रहरी, स्थानीय तह तथा वन उपभोक्ता समूहहलाई सूचना दिऔं ।
४) डढेलो लागेको थाहा पाएमा आवश्यक सहयोग जुटाई नियन्त्रण गरौं ।
५) वन डढेलो लगाउने व्यक्तिहरुलाई पहिचन गरी कानुनी दण्ड सजाय गराउने कार्यमा सहयोग गरौं ।

डिभिजन वन कार्यालय, मोरङ

सम्पर्क : ९८५२०२६६१४, ९८५२०८१११०

मो.जि.प्र.का.द.नं. २४८/०६९/७०
हुलाक निर्देशनालय.बिराटनगर द.न. ०४/०७७/०७८

## श्री जिरो...

स्थानीय सरकार र सरोकारवाला निकायसँग समन्वय गरेर काम गर्न आग्रह गरे।

श्री जिरो क्लब मार्फत नेपालमा भइरहेको काम उत्कृष्ट रहेको बताउँदै उनले जीवन विकासले श्री जिरो क्लबको गठन र प्रभावकारी कार्य गर्नका लागि प्रोत्साहन गर्ने बताए।

छ बुदे प्रतिवद्धता पत्र जारी

प्रथम श्री जिरो क्लब सदस्य सम्मेलन ६ बुँदे प्रतिवद्धता जारी गरेको छ।

बुधबार आयोजित कार्यक्रममा हरेक क्लबले स्थानीय युवालाई जागरुक बनाई क्लब गठन गर्ने, श्री जिरो क्लबले फोकस एरियामा कार्ययोजना बनाइ स्थानीय सरकार र विभिन्न संस्थाको सहकार्यमा अभियान सञ्चालन गर्ने, वातावरण संरक्षणका लागि वृक्षरोपण अभियान सञ्चालन गर्ने, अति विपन्न परिवारको आधारभूत आवश्यकता पुरा गर्न सहयोग र सहजीकरण गर्ने, नेपालमै बसेर रोजगारी सृजना गर्न पहल गर्ने, उद्यमशीलता विकासका लागि सहजीकरण गर्ने र कार्बन उत्सर्जन कम गर्नका लागि सचेतना अभियान सञ्चालन गर्ने प्रतिवद्धता जारी गरेको हो।

कार्यक्रममा उत्कृष्ट कार्य गरे बापत मकवानपुरको इन्भारमेन्ट एण्ड क्लाइमेट चेन्ज थ्री जिरो क्लब, मोरङ सुनबर्सीको इनभारमेन्ट थ्री जिरो क्लब, उदयपुरको ताप्ली साखा अन्तरगत गठन भएको थ्री जिरो क्लब, हरिबन सर्लाहीको इन्भारमेन्ट एण्ड क्लाइमेट चेन्ज थ्री जिरो क्लब र सुन्दरहैचाको जिरो अनइम्प्लोइमेन्ट थ्री जिरो क्लबलाई पुस्कृत गरिएको थियो। प्रथम थी जिरो क्लब सम्मेलनमा कोशी प्रदेश, मधेश प्रदेश र बागमती प्रदेशका तीन सय युवाहरु सहभागि थिए।

## काम ठप्प...

नेरुडे मिर्मिरे लघुवित्त वित्तीय संस्था कोशी प्रदेश प्रमुख घनश्याम चौधरीले बताए। उनले कर्मचारीहरू किन आन्दोलित भएका हुन् भन्ने समेत आफूलाई जानकारी नभएको उल्लेख गरे। आन्दोलनमा नेरुडे मिर्मिरे लघुवित्त वित्तीय संस्थामा कार्यरत देशैभरका कर्मचारी हरू उपस्थित भएका थिए।

गर्मी मौसममा
संक्रामक रोगबाट बचौं र बचाऔं।

- गर्मी मौसममा मलेरिया, कालाजार, डेंगु, हैजालगायतका विभिन्न संक्रमक रोगहरू फैलिनसक्दछन्,
- संक्रामक रोग फैलाउने झिँगा, लामखुट्टे, भूसुना आदिको नियन्त्रण गरौं,
- संक्रमक रोगबाट बच्न शुद्ध र उमालेको पानी पिऔं,
- बासी तथा सडेगलेका खाना नखाऔं,
- घरभित्र र वरपरका सरसफाईमा ध्यान दिऔं।

नेपाल सरकार, विज्ञापन बोर्ड

## अदभूत...

निर्देशनमा बनेको भिडियोमा उत्सव दाहालको सिनेमाटोग्राफी र मिलन श्रेष्ठको सम्पादन रहेको छ।

यसअघि पनि गायिका निता आचार्यले संगीतकार शंकर थापा 'स्माइल' सहकार्यमा गीतहरु सार्वजनिक गरिसकेकी छिन। गीत गायन देखि संगीत कर्म सम्म त्यतिकै पोख्त 'स्माइल'ले संगीत भरेका युगल गायन ,चलचित्र देखि सुगम संगीत सम्मका गीतहरु दर्शकको रोजाइमा पर्दै आएका छन्।

## धुमधामले...

छोरा छोरीको विवाह पारिवारीक जिम्मेवारीसंगै आर्थिक बोझ उठाउने संस्कृति परम्परा रहेकोले त्यो परम्परालाई तोड्न र केही हद सम्म खर्च कम गर्ने उदेश्यले कम खर्चमा पनि उच्च स्तरको विवाह हुन सक्छ भन्ने समाजमा संदेश फैलाउन सामूहिक विवाहका आयोजना गरिएको थियो।

मंचले समाजसेवी अर्चना तापडियालाई संयोजक बनाएर सामूहिक विवाह समारोह आयोजना गरेको थियो। तापडियाको सक्रियता र समन्वयले सामुहिक विवाह गर्ने प्रस्तावमा जहदा गाउँपालिका सकारात्मक बनेपछि वडाध्यक्षहरुको सहयोगमा विवाह गर्न योग्य जोडीहरुको खोजी भएको थियो।

वडाध्यक्षहरुको सहयोगमा १५ जोडी सामुहिक विवाहका लागि तयार भएका थिए। वर र वधू दुवै पक्षको सहमतिमा उनीहरुलाई विवाह कार्यक्रममा सहभागी गराइएको थियो। विवाह गर्ने सबै २० वर्ष उमेर पूरा गरिसकेका थिए। तराई मधेशमा व्यप्त रहको बालविवाह गर्ने प्रवृति अन्तको लागि जनमानसमा संदेश पुगोस र बालविवाहको अन्तको लागि योगदान पुगोस भनी आयोजकले विश्वास लिएको छ।

विवाहका सहभागी भएका १५ वटै जोडीको लागि पलङ, दराज, कुर्सी, डसना, सिरक, सुटकेशदेखि भान्छामा प्रयोग हुने एकसरो सामान पनि उपहारको रुपमा प्रदान गरिदिएको छ। त्यतिमात्र होइन बेहुलीहरुलाई आर्थिक सुरक्षाप्रति संवेदनशील बनाउन उनीहरुको नाममा सेन्चुरी बैंकमा ११ हजार रुपियाँको मुद्दति खाता खोली दिएको छ।

त्यसैगरी विवाह गर्ने जोडीहरुले विवाहका लागि कुनै खर्च गर्नु परेन। सामुहिक विवाह गर्दा लाग्ने सबै खर्च माहेश्वरी महिला मंचले बोहोरेको थियो। सबै बेहुलीका लागि एक थान सुनको तिलहरी, टप, फुली, चाँदीको पाउजू बिछियादेखि लत्ता कपडा आयोजकले किनिदिएको थियो।

वर्तमान अवस्थाको महंगीमा छोराछोरीको विवाह गरिदिन सबै परिवारका लागि सजिलो छैन। सामाजिक परम्परा र प्रचलनको बाध्यतामा परेर विपन्न वर्गका मानिसहरुले चर्को आर्थिक बोझ बोक्नुपर्ने बाध्यता छ त्यसैले हामीले सामुहिक विवाह गरी सहयोग गर्ने सोच अगाडी सारेका हौं र यसबाट यस्ता सांस्कृतिक कार्यहरु सामुहिक रुपमा गरी खर्च कटौती गर्न सकिन्छ भन्ने सकारात्मक सन्देश प्रवाह गर्न सामुहिक विवाहको आयोजना गरिएको थियो।

## लागुऔषध...

तेह्रथुमका २९ बर्षीय राजिन्द्र भण्डारीलाई जिल्ला प्रहरी कार्यालय सुनसरी र मातहत कार्यालयहरुबाट खटिएको प्रहरी टोलीले पक्राउ गरेको थियो।

लागुऔषध सहित पक्राउ परेका उनिहरुको सम्बन्धमा सम्बन्धित प्रहरी कार्यालयहरु बाट थप अनुसन्धान भईरहेको छ।

## जीवन...

कार्यकारी अधिकृत संजयकुमार मण्डलले बताए। 'विभिन्न देशबाट नेपालमा भोलेन्टियर आएर श्रमदान गरेको देखेका थियौं, तर नेपालीले त्यति धेरै चासो दिएका थिएनौं',उनले भने,'हामीले पनि गर्नुपर्छ भनेर जीवन विकास स्वयंसेवक दिवस घोषणा गरेर मनाउन थाल्यौं।'

२४ जिल्लामा फैलिएको जीवन विकास लघुवित्तले १६० वटा शाखा कार्यालय मार्फत तीन लाख २५ हजार भन्दा बढी परिवारलाई वित्तीय सेवासँगै विभिन्न सामाजिक अभियानहरु सञ्चालन गरिरहेको छ।

NO SMOKING

गाउँवासीहरूको लागि जनहितमा जारी सूचना

- मिसावट गरिएका र सडेगलेका खानेकुरा नखाऔं।
- छाडा चौपायाहरुलाई नियन्त्रण गरौ सडकमा नछाडौ।
- बालबालिकाहरुलाई काममा हैन विद्यालय पठाऔं।
- विकास निर्माणका काममा जनसहभागिता जुटाऔं।
- गाउँपालिकाबाट इजाजत प्राप्त गरेर मात्र घर बनाऔं।
- गाउँपालिकाबाट संचालन हुने सबै प्रकारका व्यापार, व्यवसायहरु गाउँपालिकामा दर्ता गरेर मात्र संचालन गरौं।
- गाउँपालिकालाई भूक्तानी गर्नुपर्ने सबै प्रकारका करहरु समयमै भूक्तानी गरी जरिवाना हुनबाट बचौं।
- व्यक्तिगत घटना दर्ता (विवाहदता, बसाईसराई, जन्मदर्ता, मृत्युदर्ता) समयमै गरौं।
- हावाहुरी चल्ने समयमा आगो जथाभावी नबालौं। बाल्नै परेपनि काम सकिएपछि आगो तुरुन्छ निभाउने गरौं।
- कोरोना भाइरसबाट बच्न अनिवार्य मास्कको प्रयोग गरौं। सामाजिक दुरी कायम गरौं।
- बाल विवाहलाई निरुत्साहित गरौं २० वर्ष पछि मात्र विवाह गरौं।
- बैशाख १ गते देखि १६ गते सम्म सञ्चालन हुने घटना दर्ता अभियानमा सहभागी बनौं।
- आफ्नो वडा वा पायक पर्ने दर्ता शिविरमा गई व्यत्तिगत घटना दर्ता गराऔं।

मनोज कुमार ठाकुर
प्र.प्रशासकिय अधिकृत

नसिमा वानो
उपाध्यक्ष

जिवछ प्रसाद गच्छदार
अध्यक्ष

धनपालथान गाउँपालिका, गाउँपालिकाको कार्यालय, कोशी प्रदेश, मोरंग, नेपाल

गाउँवासीहरूको लागि जनहितमा जारी सूचना

- मिसावट गरिएका र सडेगलेका खानेकुरा नखाऔं।
- छाडा चौपायाहरुलाई नियन्त्रण गरौ सडकमा नछाडौ।
- बालबालिकाहरुलाई काममा हैन विद्यालय पठाऔं।
- विकास निर्माणका काममा जनसहभागिता जुटाऔं।
- गाउँपालिकाबाट इजाजत प्राप्त गरेर मात्र घर बनाऔं।
- गाउँपालिकाबाट संचालन हुने सबै प्रकारका व्यापार, व्यवसायहरु गाउँपालिकामा दर्ता गरेर मात्र संचालन गरौं।
- गाउँपालिकालाई भूक्तानी गर्नुपर्ने सबै प्रकारका करहरु समयमै भूक्तानी गरी जरिवाना हुनबाट बचौं।
- व्यक्तिगत घटना दर्ता (विवाहदता, बसाईसराई, जन्मदर्ता, मृत्युदर्ता) समयमै गरौं।
- हावाहुरी चल्ने समयमा आगो जथाभावी नबालौं। बाल्नै परेपनि काम सकिएपछि आगो तुरुन्छ निभाउने गरौं।
- कोरोना भाइरसबाट बच्न अनिवार्य मास्कको प्रयोग गरौं। सामाजिक दुरी कायम गरौं।
- बाल विवाहलाई निरुत्साहित गरौं २० वर्ष पछि मात्र विवाह गरौं।
- बैशाख १ गते देखि १६ गते सम्म सञ्चालन हुने घटना दर्ता अभियानमा सहभागी बनौं।
- आफ्नो वडा वा पायक पर्ने दर्ता शिविरमा गई व्यत्तिगत घटना दर्ता गराऔं।

हरि प्रसाद भट्टराई
प्र.प्रशासकिय अधिकृत

गुणवती देवी थारू
उपाध्यक्ष

जय प्रकास गच्छदार थारू
अध्यक्ष

ग्रामथान गाउँपालिका, गाउँपालिकाको कार्यालय, कोशी प्रदेश, मोरंग, नेपाल

परिवर्तनको लागि क्राईम अपरेशन CRIME OPERATION साप्ताहिक

प्रवन्ध निर्देशक : हिरालाल साह ९८४२२०५८१६ सम्पादक/प्रकाशक : श्याम सुन्दर सुतिहार ९८४२०२७१४२,९८०७३५२२१३ कार्यालय विराटनगर-११ कम्प्युटर लेआउटःविजय कु.मण्डल मुद्रकःबाबा प्रिण्टर्स अफसेट प्रेस, विराटनगर-७ इमेलःcrimeopration@gmail.com

## सम्पादकीय

# मुख्यमन्त्रीलाई निर्देशन

कोशी प्रदेशका मुख्य मन्त्री केदार कार्कीले अरुलाई निर्देशन दिनुपर्नेमा मुख्यमन्त्रीलाई नै कोशी प्रदेशसभाले विश्वासको मत लिन निर्देशन दिएको छ। शुक्रमवार ७ गतेदेखि लागु हुने गरी ३० दिन भित्र विश्वासका मत लिन निर्देशन दिएपछि मुख्यमन्त्रीलाई चुनौती थपिएको छ। ३० दिन भित्र विश्वासको मत नलिएमा सरकार गठनको नयाँ प्रक्रियाबाट शुरु गर्ने भएको छ। चैत २६ गते संविधानको धारा १८८ को उपधारा २ बमोजिम प्रदेश सभाको बैठकमा संकल्प प्रस्ताव पारित भएको थियो। प्रदेशसभाको शुक्रवारको बैठकमा प्रस्तावमाथिको छलफलपछिको मतबिभाजनमा प्रस्तावमा ५२ मतसहित पारित भएको थियो।

कोशी प्रदेशसभाबाट पारित संकल्प प्रस्तावको विपक्षमा कसैले पनि मतदान गरेन भने राप्रपाका ३ जना तटस्थ रुपमा बसेका थिए। एमाले प्रमुख सचेतक रेवतीरमण भण्डारी प्रस्तावक, माओवादी केन्द्रका प्रदेशसभा सदस्य गणेशप्रसाद उप्रेती र एमालेका प्रदेशसभा सदस्य किशोरचन्द्र दुलाल समर्थक रहेको संकल्प प्रस्ताव पारित भएसगै प्रदेश प्रमुख पर्शुराम खापुङ्गले एमाले र माओवादीका सांसदको माग बमोजिमा बिहीबारबाट सुरु भएको प्रदेशसभाको अधिवेशन पनि अन्त्य भएको छ। 'वैशाख २५ गतेसम्म मुख्यमन्त्रीले विश्वासको मत लिन बाध्यता सिर्जना भएको छ।

मुख्यमन्त्री केदार कार्कीले राजीनमा नदिन अडान लिएपछि मुख्यमन्त्रीला राजीनामा दिन बाध्य बनाउने उद्देश्यले प्रदेशसभामा दर्ता भएको संकल्प प्रस्ताब पारित भएसगै मुख्यमन्त्री कार्की दबाबमा परेका छन्। अब नैतिकताको आधारमा पनि मुख्यमन्त्री केदार कार्कीले राजीनमा दिनुपर्छ। अन्यथा कानुन बमोजिम केदार कार्की नेतृत्वको सरकार ढल्ने पक्का छ। त्यसले समयमा उचित निर्णय लिएर अल्पमतमा परेका मुख्यमन्त्रीले राजीनामा दिनु उचित हुन्छ।

# यूवाको राजनीति र नेपाल

**सुजन सुवेदी**

'युवा' शब्दले १५ वर्षदेखि ३५ वर्षसम्मको उमेरको व्यक्तिलाई जनाउँछ। युवालाई समाजमा राजनीतिक दृष्टिकोण बाट उत्साही, नवीन र निर्धारितरूपमा सक्रिय भनेर पनि परिभाषित गर्न सकिन्छ। युवाले भविष्यको नेतृत्व, आदर्श, र समाजको परिवर्तनमा महत्त्वपूर्ण भूमिका खेल्छन्।

युवाको राजनीति आजकल विशेष महत्त्वपूर्ण हुन पुगेको छ। यसको कारण युवा विभिन्न समस्यामा सजिलै परिचित हुने, राष्ट्रिय र सांस्कृतिक विषयमा सक्रिय सहभागी हुने र नयाँ विचार एवं उद्देश्यहरूलाई सामाजिक परिवर्तनमा ल्याउने जमर्को गर्ने हुनु नै हो।

विश्वको इतिहासमा पनि युवाको राजनीतिक सक्रियता र भूमिका महत्त्वपूर्ण रहेको छ। ऐतिहासिक घटनाहरूमा युवाको उत्साह, आवाज र प्रेरणात्मक भूमिका देखिएको छ। उदाहरण का रूपमा युवाले फ्रान्सको जनक्रान्ति, अमेरिकाको स्वतन्त्रता संग्राम, भारतको स्वतन्त्रता आन्दोलन, चीनको ग्रेट कलर रेभल्युन, रुसको बोल्सेभिक क्रान्ति, जर्मनीको बर्लिन पर्खाल ढाल्ने आन्दोलन, तथा अरब संघर्षका अनेकौं उदाहरण देख्न सकिन्छ। विश्व इतिहासलाई सिंहावलोकन गर्दै नेपालको गौरवमय इतिहासको पाना पल्टायौं भने पनि विसं. १९९७ को राणाविरोधी आन्दोलनमा गंगालालहरूको भूमिकादेखि यता विसं. २००७, विसं. २०१४, विसं. २०३६, विसं. २०४६ को जनआन्दोलन, विसं. २०५२ देखि संचालित सशस्त्र विद्रोह र मुख्यतः विसं. २०६२/६३ को जनआन्दोलनमा युवाको योगदान अतुलनीय थियो।

इतिहासका यस्ता कठिन मोडमा समेत विचलित नभईकन राष्ट्र निर्माणको महाअभियानमा समर्पित बन्न चाहने शक्ति र सामार्थ्यका धनी नेपाली युवा आज बेरोजगारीको पीडासँगै विदेशको बाटो लाग्न विवश छन्।

**आजको परिस्थिति र युवा राजनीति**

अहिले नेपालमा युवाले राजनितिक क्षेत्रमा महत्त्व पूर्ण भूमिका खेल्ने अवस्था छ। तिनले नयाँ दृष्टिकोण, नयाँ विचार र सक्रियता ल्याउने चेष्टा पनि गरेका छन्। देशले नयाँ संविधान पाए पनि सबैले अपनत्व महसुस गर्न सकेनन्। वर्षौंदेखिको उही पुरानो संसदीय व्यवस्थाभित्र सरकार अदलबदल, पार्टी टुटफुटका शृंखला चलिरह्यो।

राजनीतिक अस्थिरता चरमोत्कर्षमा पुग्यो। अवस्था उही रहेन। नेकपालाई जनताले ५ वर्षको म्यान्डेड दिएर पठाए। झन्डै दुईतिहाइको बलशाली सरकार केपी ओलीको नेतृत्वमा निर्माण भयो।

नेपाली जनताको आशावादी भए। तर ओली सरकारले सम्झनालायक कुनै काम गर्न सकेन।

युवा भनेको देशको अनमोल, अनन्त शक्ति हो। देशको भविष्यको सबैभन्दा ठूलो पुँजी हो। युवा वर्गको विशिष्ट शक्तिलाई राष्ट्र निर्माणमा समेट्नु आजको आवश्यकता हो।

युवा नेतृत्वको कुरा गर्दा हाम्रो समाज अनि सामाजिक संस्थाहरूले युवा राजनीतिलाई कसरी लिन्छन् भन्ने अर्को महत्त्वपूर्ण विषय हो। हामीकहाँ राजनीतिमा लाग्ने युवा नेतृत्वलाई हेर्ने दृष्टिकोण सकारात्मक छैन। सक्षम युवा नेतृत्वको खोजी गर्दा आफ्ना छोरा वा भाइभतिज भने सकेसम्म राजनीतिबाट टाढै बसुन् भन्ने ठानिन्छ। हाइस्कुल सम्मको पढाइमा राजनीतिमा लाग्नुलाई नकारात्मकरूपमा चित्रण गरिन्छ। विश्वविद्यालयमा राजनीति भनेकै आन्दोलन हो भन्ने सिकाइएको हुन्छ। अनि परिकल्पना भने सक्षम युवा राजनीतिक नेतृत्वकै रहिरहन्छ।

देशमा युवा नेतृत्वको आवश्यकता बोध न राज्यले गरेको छ न समयसमयमा युवालाई प्रयोग गरेर माथि उठेका राजनीतिक नेतृत्व वा नागरिक समाजले नै। न त हाम्रा विश्वविद्यालय र हाम्रो सामाजिक संरचनाले नै। हामीले अहिले भोगेको युवा नेतृत्वको संकटको मूल जरो यही नै हो। नेपालले छोटो समयमा थुप्रै राजनीतिक व्यवस्था परिवर्तन गरे पनि राजनीतिमा असल लोकतान्त्रिक संस्कारको जग बस्न नसक्नुको कारण पनि यही हो।

नेपाली युवालाई राजनीतिक क्षेत्रमा आउनु बाध्यता कि रहर भन्ने सन्दर्भमा बढ्दो भ्रष्टाचार, गैरजिम्मेवारी, अपराध खस्किदो शैक्षिक स्तर, नैतिकहीनता आदिले गर्दा युवामा राजनीति प्रति रुची बढ्नु सामान्य नै हो। अहिलेको समयमा नेपाली युवाले राजनीतिमा ध्यान दिनुपर्ने कुरामध्ये केही यस प्रकार छन् :

१. नैतिकता र मूल्य - युवाले राजनीतीमा प्रवेश गर्दा नैतिकता, इमानदारी र दयाको मूल्यलाई ध्यानमा राख्नुपर्छ। यो राजनीतिक क्षेत्रमा स्वयंसेवी, नैतिक र दयालु नेतृत्व प्रदान गर्न सहायक हुनेछ।

२. शिक्षा र जागरुकता - युवाले राजनीतिक प्रक्रिया र नीति निर्माणमा सहभागी हुन अध्ययन गर्ने, जागरुक हुने र विवेकपूर्ण निर्णय गर्नु आवश्यक छ।

विसं ०६२/६३ पछि नेपालमा युवा नेतृत्वको पुस्तान्तरण भएन। स्थापित युवा नेतृत्वले आफू पछि आउने पुस्तालाई मार्गनिर्देश गर्न चुक्यो र त्यो सिलसिला आजसम्म पनि जारी छ।

वर्तमान अझ भनौ २०७९ को निर्वाचन र त्यसपछिको परिवेशलाई हेर्दा स्थानीय र संघीय चुनावमा युवाको चासो धेरै नै बढेको छ। यससँगै बालेनले सामाजिक सञ्जालमा राखेको विचारले उनको चुनावी वातावरणलाई तताउन ठूलो सहयोग गरेको र काठमाडौंका मतदाताको मन जित्न प्रमुख भूमिका खेलेको देख्न सकिन्छ। अर्का धरानका हर्क साम्पाङलाई पनि यसरी नै लिन सकिन्छ।

काठमाडौंका गैरकानुनी संरचनालाई भत्काउने वा धरानमा खानेपानी आपूर्तिका लागि ढुङ्गा बोक्ने उदाहरणीय कार्यको प्रदर्शन गरेर बालेन-हर्कले लामो समयदेखि निराश र राजनीतिकरूपमा सत्ताबाट विमुख युवाका लागि प्रेरणादायी बनेका छन्। बालेन-हर्कले आगामी चुनावमा स्वतन्त्ररूप मा लड्न नेपाल भरका युवालाई प्रेरित गरेको देखिन्छ।

**स्वतन्त्र राजनीतिका चुनौतीहरू**

आगामी निर्वाचनमा वा समग्र नेपाली राजनीतिक दलको राजनीतिमा बालेन-हर्क प्रभावले स्वतन्त्र उमेदवारीका रूपमा उत्पन्न हुने चुनौतीहरूलाई संक्षिप्तमा तीन किसिमले लिन सकिन्छ।

पहिलो चुनौती आगामी संसदीय निर्वाचनमा कति स्वतन्त्र उमेदवार निर्वाचित हुने सम्भवना छ ? निर्वाचन

बाँकी ५ पेजमा...

# साप्ताहिक राशिफल

**मेष (चु,चे,चो,ला,लि,लु,ले,लो,अ) : दम्पतिमा घरायसी विषयलाई लिएर वादविवाद बढेर असमझदारी बढ्ने सम्भावन छ। मनोरञ्जन र भ्रमणको योग छ।**

**वृष (इ,उ,ए,ओ,वा,वि,वु,वे,वो) : वाणीको प्रभावले महत्वपुर्ण काम बन्ने छ भने मनोरञ्जन एवम अध्ययन भ्रमणको समेत अवसर मिल्ने योग छ।**

**मिथुन (क,कि,कु,घ,ङ,छ,के,को,ह)** : युवा वर्गका लाीगि रमाइलो वातावरणको अवसर मिल्ने छ। इष्टमित्रका सहयोगले महत्वपुर्ण काम बन्ने।

**कर्कट (हि,हु,हे,हो,डा,डि,डु,डे,डो)** : युवावर्गका लाीग मनोरञ्जन एवं प्रेम प्रसङ्गमा रमाउने योग रहनुका साथै कतै भ्रमणमा जाने योग छ।

**सिंह (मा,मि,मु,मे,मो,टा,टि,टु,टे)** : उच्च मनोवल रहनाले महत्वपूर्ण काममा सफलता मिल्ने छ। भने वादविवादमा समेत जित तपाईकै हुने छ।

**कन्या (टो,प,पी,पू,ष,ण,ठ,पे,पो)** : घरायसी र पारिवारीक विषयले चिन्ता बढाउने छन। बौद्धिक क्षेत्रका काममा सफलता मिल्ने योग रहेको छ।

**तुला (रा,री,रु,रे,रो,ता,ती,तु,ते)** :भोग विलासका सामग्री हरुको किनमेलमा पैसा खर्च गराउला। काममा विघ्न वाधाहरु आउन सक्नेछन।

**वृश्चिक (तो,ना,नि,नू,ने,नो,या,यि,यू) : बुद्धिको प्रभावले ठुला-ठुला समस्या** हरुमा समाधान निकाल्नलाई योग छ। मित्रहरको सहयोग राम्रो रहने छ।

**धनु (यो,भा,भी,भू,ध,फा,ढ,भे)** : धार्मिककाममा महत्वपूर्ण सहभागिता जनाउनुपर्दछ। व्यापारीवर्गका लागि मनग्गे आमदानीको योग छ।

**मकर (भो,जा,जी,जू,जे,ख,खि,खू,खे,गा,गी)** : धार्मिक उव समाजिक काममा मान स्म्मान मिल्ने योग छ। महीनाको उत्तराधएमा सामान्यवादविवादमा समेत तान्ने छ।

**कुम्भ (गु,गे,गो,सा,सी,सु,से,सो,द) :सानो तिनो चोटपटकको सम्भावना र हेकाले सतर्कता अपनाउनु होला। भाग्यले राम्रै साथ दिनाले सफलता मिल्नेछ ।**

**मीन (दी,दु,थ,झ,ञ,दे,दो,च,ची)** : उच्च मनोवल रहनाले महत्वपूर्ण काममा सफलता मिल्ने छ। भने वादविवादमा समेत जित तपाईकै हुने छ।

## केही महत्व पूर्ण टेलिफोन नम्बरहरु

**दमकल**

बिराटनगर बारुणयन्त्र ४२००००
इटहरी बारुणयन्त्र ५८०१०१
धरान बारुणयन्त्र ५२०१९९
इनरुवा बारुणयन्त्र ५६०१०१
दमक बारुणयन्त्र ०२३-५८०१०१
भद्रपुर बारुणयन्त्र ०२३-५२०१०१

**एम्बुलेन्स सेवा**

जिविस मोरङ ५३६३५३
नेरेसो रंगेली ५८००४८
बिराटनगर उपमनपा ५२२२३६

**अस्पताल**

कोशी अ.अ.इमरजेन्सी ५२४२३४
रंगेली अस्पताल ५८००४८
आँखा अस्पताल ५२३७०६
सुरक्षा अस्पताल प्रा.लि.
०२१-५३६९४१, ५२२८७७
एम्बुलेन्स ९८०२७५३७१७,
९८०२७५३७०६

**प्रहरी**

पूर्वाञ्चल क्षे.प्र.कार्यालय
०२१-४३५००१
जिल्ला प्रहरी कार्यालय
५३०३५८, ५२३९०१,१००
नगर प्र.का.. बिराटनगर
५२१८५०, ५३०३६७, ११०,
इ.प्र.का. रंगेली
८०१००८०१३०
इ.प्र.का. उर्लाबारी
०२१-५४०००२
सिमा प्रहरी चौकी
०२१-४३५८४०

# विराट राजवंशी समुदायको सांस्कृतिक पुस्तकालय भवनको शिलान्यास

**राजेश राजवंशी**

विराटनगर। विराट राजवंशी सास्कृतिक पुस्तकालय भवनको कोशी प्रदेशका मुख्यमन्त्री केदार कार्कीले शिलान्यास गरेका छन्।

विराटनगर-१२ बखरीमा केही वर्ष देखि कोठा भाडामा लिएर संचालनमा रहेको विराट राजवंशी सास्कृतिक पुस्तकालय को जग्गामा मुख्यमन्त्री कार्कीले भवन निर्माको शिलान्यास गरेको हो।


मुख्यमन्त्री केदार कार्कीले भवनको शिलान्यास गर्दै।

सास्कृतिक पुस्तकालयको निर्माण कार्य बजेट अनुसार निर्माण कार्य सम्पन्न हुने मुख्य मन्त्री कार्कीले बताएका छन। विराट राजवंशी सास्कृतिक पुस्तकालयको कार्यक्रममा बोल्दै जुन बोल्ने हो त्यो काम पुरा गर्नु पर्छ। राजनीति कुनै पनि देशमा चाहे उतर कोरिया या भारत होस् राजनीति घृणा लागे पनि राजनीतिले नै निर्णय गर्ने हो। राजवंशी युवाहरूले भवन शिलान्यास गर्नु भयो वा भवन पनि बन्ला पंखा पनि होला वा किताब पनि राख्ला डिजिटल लाइब्रेरीको पनि स्थापना गरौंला। तर लाइब्रेरीमा आएर पढ्ने मान्छे भएन भने मरेको शरीर जस्तै हुन्छ। मरेको शरीर राखी राखौ भने गन्हाउछ मुख्यमन्त्रीका भनाई थियो।

त्यसै कारणले पुस्तकालय भित्र पढ्ने वातावरण बनाइ दिनु पर्यो। चेतनशील भए पनि डाक्टर भएर केही हुँदैन।विरामीले औंषधि खाएन भने नशा भित्र सुइ छिरेन भने डाक्टर पचास वटा राखे पनि त्यो मान्छे बाच्न सक्दैन। त्यसैले विराट राजवंशी सास्कृतिक पुस्तकालयलाई बचाउने काम विराट राजवंशी समाजको हो। मानवीय विकास बाट भौतिक विकास सम्भव छ। हामीले धेरै बाटो घाटो चौतारी, मठ मन्दिर पुस्तकालय बनायौ त्यसको सदुपयोग भयो कि भएन मानव विकास चाहिन्छ। त्यस्तो काम कोशी प्रदेश सरकारले गरेको छ। तपाईंहरुको भोट लिएर सबै आमाको काखमा बच्चा दिएको छ। कोशी प्रदेशमा दस वर्ष मुनिको बालबालिका लाई निशुल्क उपचार सेवा लागु भई सकेको मुख्यमन्त्री कार्कीले वताए।

कोशी प्रदेशको पर्यटन, वन तथा वातावरण मन्त्रालय अन्तर्गतको पर्यटन विकास आयोजनाको बजेटबाट पुस्तकालय भवन निर्माण हुन लागेको हो। आयोजनाले भवन निर्माणकालागि २५ लाख बजेट विनियोजन गरेको आयोजना प्रमुख कुलदीप यादवले जानकारी जानकारी दिएका थिए।

कार्यक्रममा बक्ताहरु बोल्दै राष्ट्रिय आदिवासी जनजाति वरिष्ठ उपाध्यक्ष प्रदीप विस्वास राजवंशी मगही भाषा प्रतिष्ठान मोरङ अध्यक्ष जय प्रकाश महतो विराट राजवंशी सास्कृतिक पुस्तकालयलाई अगाडि बढाउन सहयोग र साथ रहन प्रतिवद्धता जनाएका थिए।

विराट राजवंशी सास्कृतिक पुस्तकालयको अध्यक्ष कुशेस्वर राजवंशी विराट राजवंशी एकता, पहिचान, अधिकार, समृद्धि र स्वाभिमानको लागि वा भेष भुषा, भाषा कला संस्कृति समृद्धिको निम्ति विराट राजवंशी पुस्तकालय भवन निर्माण गर्न लागेको वताएका थिए।

भवन निर्माणका लागि पुस्तकालय समितिले पौने ७ धुर जग्गा खरीद गरेको छ भने ६ धुर जग्गा स्थानिय समाजसेवी ईन्जीनियर रामअशिष महतोले भुमिदान गर्नुभएको छ।

पुस्तकालय भवन निर्माण को बुढी गंगा गाउँपालिकाको जीआर निर्माण सेवाले ठेक्का लिएको छ। २०८० चैत ३० गते भएको ठेक्का सम्झौता अनुसार विनियोजित बजेटबाट निर्माण कम्पनीले भुईतल्ला, पिलर र छत ढलानको काम सक्ने निर्माण कम्पनीका प्रोप्राईटर उज्वल राउतले वताए। २०८१ जेठ मसान्तसम्म निर्माण सम्पन्न गरिसक्नुपर्ने ठेक्का सम्झौता छ।

## मेची देखि महाकाली सम्मका गद्दारहरूलाई ठीक पार्ने : राप्रपा

विराटनगर। मेची देखि महाकाली सम्मका गद्दारहरुको भण्डाफोर गर्ने राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) का नेताहरुले वताएका छन्।

काठमाडौंमा चैत २७ गते गरेको आन्दोलनमा घाइते भएका बर्दियाका ठाकुरप्रसाद डाँगीको उपचारको क्रममा मृत्यु भएपछि विराटनगर-९ स्थित गुद्री बजारमा आयोजना गरिएको विरोध तथा श्रद्धाञ्जली सभाका वक्ताहरुले सो कुरा वताएका हुन्।

राप्रपाका सह प्रवक्ता दिनेश साहले भने राप्रपाले काठमाण्डौमा गरेको शान्तिपूर्ण आन्दोलनमा गरेको दमनका कारण राप्रपाको मधुवन नगरपालिका अध्यक्ष समेत रहेका डाँगीको वीरेन्द्र सैनिक अस्पताल छाउनीमा उपचारको क्रममा मृत्यु भएको छ त्यो शोकलाई शक्तिमा बदलेर जनता विरोधी सरकारमा रहेका मेची देखि महाकाली सम्मका गद्दारहरुको भण्डाफोर गर्ने वताएका छन्।

त्यसैगरी राप्रपाका केन्द्रीय सदस्य मनोज बस्नेतले श्रद्धाञ्जली सभालाई सम्बोधन गर्दै शान्तिपूर्ण आन्दोलनमा दमन गर्ने गृहमन्त्रीको राजीनामा माग गर्दै काठमाण्डौंको विरोध सभा कास्टीङ्ग मात्र भएको अब देश भरी नै सरकारको विरोधमा प्रदर्शन गर्ने वताए।

सत्तामा रहेका राजनीतिक दलहरुको खिचातानको कारण देशमा रहको व्यपारीहरुले मृत्यु वरण गर्न बाध्य भएका छन्। नेपाली जतनको भावना माथि सरकारले कुठाराघात गरेका कारण देशको अवस्थालाई परिवर्तन गर्न व्यवस्था बदल्न देशभरी आन्दोलन चर्काउने राप्रपाका नेता अशोक पौडेलले वताए।

सो श्रद्धाञ्जली तथा विरोध सभामा राप्रपा विराटनगर महानगरपालिका उपाध्यक्ष सवित्रा न्यौपाने, अध्यक्ष विकास लिम्बू, मोरंग क्षेत्र नं. ६ अध्यक्ष रतन तामाङ, मोरंग जिल्ला अध्यक्ष राजेश मास्के लगायतले भ्रष्टाचारी सरकारको विरुद्ध कडा आन्दोलन गर्ने चेतावनी दिएका थिए।




हार्दिक मंगलमय शुभका

नव वर्ष २०८१ सालको शुभ अवसरमा सम्पूण दाजुभाई, दिदीबहिनीहरूमा सुख, शान्ति एवं उत्तरोत्तर प्रगतिको लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं।

क. गीता रानी महतो
प्रदेशसभा सदस्य, कोशी प्रदेश

हार्दिक मंगलमय शुभका

नव वर्ष २०८१ सालको शुभ अवसरमा सम्पूर्ण दाजुभाई, दिदीबहिनीहरूमा सुख, शान्ति एवं उत्तरोत्तर प्रगतिको लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं।

राम प्रसाद मेहता
प्रदेशसभा सदस्य, कोशी प्रदेश

हार्दिक मंगलमय शुभका

नव वर्ष २०८१ सालको शुभ अवसरमा सम्पूर्ण दाजुभाई, दिदीबहिनीहरूमा सुख, शान्ति एवं उत्तरोत्तर प्रगतिको लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं।

अमृत अर्याल
प्रदेशसभा सदस्य, कोशी प्रदेश

हार्दिक मंगलमय शुभका

नव वर्ष २०८१ सालको शुभ अवसरमा सम्पूर्ण दाजुभाई, दिदीबहिनीहरूमा सुख, शान्ति एवं उत्तरोत्तर प्रगतिको लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं।

योगेन्द्र मण्डल
संघिय सांसद, क्षेत्र नं. ५ मोरंग

# श्री जिरो सदस्य सम्मेलन : लक्ष्य प्राप्तीका लागि यूवाहरूको भूमिका महत्वपूर्ण

विराटनगर । गरिबी, बेरोजगारी र कार्बन उत्सर्जन कम गर्नका लागि श्री जिरो क्लबको भूमिका महत्वपूर्ण रहने कार्यक्रमका वक्ताहरुले बताएका छन् ।

जीवन विकास लघुवित्त वित्तीय संस्थाले आयोजना गरेको ‘प्रथम श्री जिरो क्लब सदस्य सम्मेलन’मा बोल्ने वक्ताहरुले गरिबी, बेरोजगारी र कार्बन उत्सर्जन कम गर्नका लागि श्री जिरो क्लबका सदस्यको भूमिका महत्वपूर्ण रहने बताएका हुन् ।

शून्य गरिबी, शून्य बेरोजगारी र शून्य खुद कार्बन उत्सर्जनको लक्ष्यसहित गठन भइरहेको श्री जिरो क्लबमा १२ वर्षदेखि ३५ वर्ष उमेर समूहका युवाहरु सदस्य हुन पाउँछन् । एउटा क्लबमा पाँच जना सदस्य रहने व्यवस्था छ ।

युवा सदस्यहरु सहभागी श्री जिरो क्लब सदस्य सम्मेलनको उद्घाटन गर्दै कोशी प्रदेशका मुख्ययन्त्री केदार कार्कीले मानिसकै कारण अहिलेको वातावरणीय प्रतिकुलताको अवस्था सृजना भएको बताए । कार्वन उत्सर्जन कम गर्दै गरिबी र बेरोजगारी अन्त्यका लागि युवाहरुको भूमिका महत्वपूर्ण रहेको उनको भनाई छ । ‘हामीले आउने पुस्तालाई वातावरण संरक्षण गरिरहेका छौकी छैनौं, संस्कार र संस्कृती जोगाइरहेका छौ कि छैनौं,’ उनले भने,‘ आउने पुस्तालाई हामीले वातावरण संरक्षणसँगै संस्कार र संस्कृति सिकाउनु पर्छ, आफ्नै खुट्टामा उभिन सक्ने बनाउनुपर्छ ।’

जीवन विकास लघुवित्तले गरिबी, बेरोजगारी र वातावरण संरक्षणका लागि महत्वपूर्ण रुपमा काम गरिरहेको उनले बताए । प्रदेश सरकारले दक्ष जनशक्ती उत्पादन गरेर वातावरण संरक्षणका लागि काम गरिरहेको उनको भनाई छ ।

प्रतिनिधि सभाको सार्वजनिक लेखा समिति सभापति ऋषिकेश पोखरेलले गरिबी र बेरोजगारी अन्त्यसँगै वातावरण संरक्षणका लागि युवाले नेतृत्वदायी भूमिका निर्वाह गर्नुपर्ने बताए । अहिलेको समस्या राजनीति रहेको बताउँदै उनले राजनीतिलाई सही ट्याकमा ल्याउन युवाले अग्रसरता देखाउनुपर्ने बताए । ‘राजनीति भनेको नीतिहरुको माउ नीति हो, राजनीतिलाई म्यानेजमेन्ट हो भनेर बुझ्नु पर्छ,’ उनले भने,‘राजनीतिलाई म्यानेजमेन्टको रुपमा बुझ्ने देशले प्रगति गरेका छन् ।’

राजनीतिलाई सहज व्यवस्थापनका लागि योग्य र क्षमतावान मान्छे आउनुपर्ने उनको भनाई छ । ‘जान्ने राजनीतिमा नआएपछि नजान्ने आउँछन्, नजान्नेले नीति बनाउछ, जान्ने दास हुन्छन्,’ उनले भने,‘ समाजमा असल सोच र चेतना भएका युवा राजनीतिमा आउनुपर्छ । युवाहरु राजनीतिमा आएपछि विकास हुन्छ ।’

श्री जिरो क्लब मार्फत युवाहरुले गरिबी, बेरोजगारी अन्त्यसँगै राजनीति सुधारका लागि पनि आउनुपर्ने बताए । उनले भविष्यको योजना बनाएर अघि बढ्न आग्रह गरे । श्री जिरो क्लब मार्फत स्वदेशमा नै स्वरोजगार बन्नका लागि भूमिका खेल्नुपर्ने उनले बताए ।

मोरङ क्षेत्र नम्बर ५ का सांसद योगेन्द्र मण्डलले गरिबी र बेरोजगारी अन्त्यका लागि सबैले जिम्मेवार भएर लाग्नुपर्ने बताए । रोजगारी र उद्यमशीलता विकासका लागि राजनीतिक नेतृत्वले नेतृत्व लिएर काम गर्नुपर्ने उनको भनाई छ । किसानलाई कृषिलाई उद्यमशीलतामा जोडेर लैजानका लागि श्री जिरो क्लबका सदस्यले भूमिका खेल्नुपर्ने उनले बताए ।

समाज परिवर्तनका लागि आफैबाट सुरु गर्न उनले आग्रह गरे । ‘वातावरण संरक्षण अभियान आजैबाट सुरु गर्नुहोस्, तपाईले आफ्ना लागि जुन दिन रुख रोप्नु हुन्छ त्यी दिनदेखि आफु परिवार, समाज, देश र विश्वलाई सहयोग गर्नुहुन्छ,’ उनले भने,‘ उद्यमशीलताको सुरुवात पनि आफैबाट गर्नुहोस्, देश बनाउने अभियानमा लाग्नु होस् ।’ विरुवा रोप्दा देश र विश्वलाई नै फाइदा पुग्ने उनले बताए । स्वरोजगार बन्नका लागि युवाहरु सकिय हुनुपर्ने उनको भनाई छ ।

मोरङको धनपालनाथ गाउँपालिका अध्यक्ष जिवछ गच्छदारले श्री जिरो क्लब मार्फत स्वरोजगार बन्दै गरिबी नियन्त्रण र वातावरण संरक्षणको अभियानमा लाग्न आग्रह गरे । उद्यमशीलता विकास र वातावरण संरक्षण अभियानलाई पालिकाले पनि सहयोग गर्ने बताए ।

स्वावलम्वन विकास केन्द्रका अध्यक्ष शंकरमान श्रेष्ठले श्री जिरो क्लब गठन र क्लबको सकियतामा जीवन विकास लघुवित्त वित्तीय संस्थाले गरेको सहयोग उदारणीय रहेको बताए । श्री जिरो क्लब गठनलाई बढाउँदै शून्य गरिबी, शून्य बेरोजगारी र शून्य खुद कार्बन उत्सर्जन अभियानलाई थप प्रभावकारी बनाउन उनले आग्रह गरे ।

वातावरण संरक्षणका लागि श्री जिरो क्लबको भूमिका महत्वपूर्ण रहने पर्यटन वन तथा वातावरण मन्त्रालय कोशी प्रदेशका सचिव विशाल घिमिरेले बताए । विकाससँगै विनास र विपतिको सृजना भइरहेको बताउँदै उनले यसलाई नियन्त्रण गर्नका लागि युवा पुस्ताको भूमिका महत्वपूर्ण रहने बताए । उनले कार्वन उत्सर्जन कम गर्नका युवाहरुले अग्रसरता लिएर अभियान सञ्चालन गर्नुपर्ने बताए ।

जीवन विकास लघुवित्त वित्तीय संस्थाका प्रमुख कार्यकारी अधिकृत संजय कुमार मण्डलले सम्मेलनले आफ्नो क्षेत्रमा पुगेर काम गर्न क्लबका सदस्यलाईहरुलाई उर्जा थपेको बताए ।

जीवन विकासले फरक शैलीमा काम गर्दै आइरहेको बताउँदै उनले संसारमा भइरहेका राम्रा कामलाई भित्र्याउने गाउँसम्म पुर्याउने योजनासहित श्री जिरो क्लबको सुरुवात भएको बताए । युवाहरूसँग समाज र देशको आशा रहेको बताउँदै उनले समुदाय र देशका लागि

वांकी अन्तिम पेजमा...

# काम ठप्प पर्ने चेतावनी

विराटनगर । मिर्मिरे लघुवित्त र नेरुडे लघुवित्त मर्ज भएर एकीकृत कारोबार सुरु भएको छोटो समयमा नै कर्मचारीहरू आन्दोलित भएका छन् ।

मर्ज भएर ‘नेरुडे मिर्मिरे लघुवित्त वित्तीय संस्था’ भइसकेपछि विराटनगरमा सोमबार आयोजना भएको एक कार्यक्रमलाई कर्मचारीहरूले बहिष्कार गरेका थिए ।

नेरुडेकै नियमावली लागू हुने सहमति अनुसार मर्ज भएपनि अहिले आएर मिर्मिरेको नियमावली लागू भएको भन्दै कर्मचारीहरू आन्दोलित भएका हुन् । बैंक तथा वित्तीय क्षेत्र कर्मचारी संगठन नेरुडेले व्यवस्थापन पक्षलाई गत चैत ३० गते विगतमा भएका सम्झौता कार्यान्वयन गर्न ध्यानाकर्षण पत्र समेत पठाएको थियो । तर व्यवस्थापन पक्षले बेवास्था गरेपछि आन्दोलित गर्नुपरेको कर्मचारी यूनियनका अध्यक्ष रामप्रसाद ढुङ्गानाले बताए ।

मर्ज भइसकेपछि व्यवस्थापन पक्षले साबिकको नेरुडेका कर्मचारीहरूलाई सम्झौता भन्दा फरक व्यवहार गरेपछि बाध्य भएर आन्दोलनमा उत्रिनुपरेको ढुङ्गानाले बताए । कर्मचारी यूनियन र व्यवस्थापन पक्षबीच भएको सम्झौता व्यवस्थापन पक्षबाट सम्बोधन हुनेगरी कदम नचालिएको अवस्थामा आन्दोलन मा उत्रने र यसको जिम्बेवारी व्यवस्थापन पक्ष हुने भन्दै यूनियनले व्यवस्थापन पक्षलाई पठाएको पत्रमा समेत उल्लेख गरिएको छ ।

२ ग्रेडको रकम बहिष्कार गर्ने, नेरुडे मिर्मिरेद्वारा आयोजित बैशाख ३ गतेको कार्यक्रम बहिष्कार गर्दै सम्पूर्ण कामकाज ठप्प गर्ने साथै आवश्यकता अनुसार आगामी कदम चाल्ने भन्दै व्यवस्थापन पक्षलाई पत्र पठाएको र सोही अनुसार आजको कार्यक्रम बहिष्कार गरिएको कर्मचारी यूनियन अध्यक्ष ढुङ्गानाले उल्लेख गरे ।

‘हामीले नेरुडे व्यवस्थापन पक्षसँग गरिएको सहमति कार्यन्वयन हुनुपर्छ भनेका हौँ’, ढुङ्गानाले भने, ‘तर सहमति कार्यान्वयन भएन । ४ ग्रेड हामीलाई दिन्छौं भनेको थियो तर त्यसो भएन । हाम्रो माग सम्बोधन नभएसम्म काम ठप्प पार्छौँ । हामी मिर्मिरेमा आवद्ध कर्मचारी हरूलाई पनि सँगै लिएर जान्छौँ । किनभने मिर्मिरे र नेरुडे एक भइसकेको अवस्थामा सबै कर्मचारीलाई समेट्नु हाम्रो कर्तव्य हो ।’

व्यवस्थापन पक्षले साबिकको मिर्मिरेमा कार्यरत कर्मचारीको मात्रै तलब बृद्धि गरेको साबिकको नेरुडे र हालको नेरुडे मिर्मिरे लघुवित्त वित्तीय संस्थाका कर्मचरी शिवकुमार मेहताले बताए । उनले आन्दोलनमा उत्रनुको मूख्य कारण पनि यहि भएको बताए ।

व्यवस्थापन पक्षले आफ्ना मागहरू सम्बोधन गर्छ भन्ने विश्वास रहेको साबिकको नेरुडे हालको नेरुडे मिर्मिरे लघुवित्त वित्तीय संस्थामा कार्यरत कर्मचारी भुवन अधिकारीले बताए । उनले व्यवस्थापन पक्षले तत्कालै मागहरू सम्बोधन गर्न अग्रसर हुनुपर्ने बताए ।

यस विषयमा आफुलाई केही जानकारी नभएको

वांकी अन्तिम पेजमा...

## गाउँवासीहरूको लागि जनहितमा जारी सूचना

- मिसावट गरिएका र सडेगलेका खानेकुरा नखाऔं ।
- छाडा चौपायाहरुलाई नियन्त्रण गरौ सडकमा नछाडौ ।
- बालबालिकाहरुलाई काममा हैन विद्यालय पठाऔं ।
- विकास निर्माणका काममा जनसहभागिता जुटाऔं ।
- गाउँपालिकाबाट इजाजत प्राप्त गरेर मात्र घर बनाऔं ।
- गाउँपालिकाबाट संचालन हुने सबै प्रकारका व्यापार, व्यवसायहरु गाउँपालिकामा दर्ता गरेर मात्र संचालन गरौं ।
- गाउँपालिकालाई भूक्तानी गर्नुपर्ने सबै प्रकारका करहरु समयमै भूक्तानी गरी जरिवाना हुनबाट बचौं ।
- व्यक्तिगत घटना दर्ता (विवाहदता, बसाईसराई, जन्मदर्ता, मृत्युदर्ता) समयमै गरौं ।
- हावाहुरी चल्ने समयमा आगो जथाभावी नबालौं । बाल्नै परेपनि काम सकिएपछि आगो तुरुन्छ निभाउने गरौं ।
- कोरोना भाइरसबाट बच्न अनिवार्य मास्कको प्रयोग गरौं । सामाजिक दुरी कायम गरौं ।
- बाल विवाहलाई निरुत्साहित गरौं २० वर्ष पछि मात्र विवाह गरौं ।
- बैशाख १ गते देखि १६ गते सम्म सञ्चालन हुने घटना दर्ता अभियानमा सहभागी बनौं ।
- आफ्नो वडा वा पायक पर्ने दर्ता शिविरमा गई व्यक्तिगत घटना दर्ता गराऔं ।

| सुरेन्द्र कुमार यादव | हन्ना सोरेन | जितेन्द्र प्रसाद साह |
| --- | --- | --- |
| प्र.प्रशासकिय अधिकृत | उपाध्यक्ष | अध्यक्ष |

जहदा गाउँपालिका, गाउँपालिकाको कार्यालय प्रदेश नं. १ मोरंग, नेपाल

## गाउँवासीहरूको लागि जनहितमा जारी सूचना

- मिसावट गरिएका र सडेगलेका खानेकुरा नखाऔं ।
- छाडा चौपायाहरुलाई नियन्त्रण गरौ सडकमा नछाडौ ।
- बालबालिकाहरुलाई काममा हैन विद्यालय पठाऔं ।
- विकास निर्माणका काममा जनसहभागिता जुटाऔं ।
- गाउँपालिकाबाट इजाजत प्राप्त गरेर मात्र घर बनाऔं ।
- गाउँपालिकाबाट संचालन हुने सबै प्रकारका व्यापार, व्यवसायहरु गाउँपालिकामा दर्ता गरेर मात्र संचालन गरौं ।
- गाउँपालिकालाई भूक्तानी गर्नुपर्ने सबै प्रकारका करहरु समयमै भूक्तानी गरी जरिवाना हुनबाट बचौं ।
- व्यक्तिगत घटना दर्ता (विवाहदता, बसाईसराई, जन्मदर्ता, मृत्युदर्ता) समयमै गरौं ।
- हावाहुरी चल्ने समयमा आगो जथाभावी नबालौं । बाल्नै परेपनि काम सकिएपछि आगो तुरुन्छ निभाउने गरौं ।
- कोरोना भाइरसबाट बच्न अनिवार्य मास्कको प्रयोग गरौं । सामाजिक दुरी कायम गरौं ।
- बाल विवाहलाई निरुत्साहित गरौं २० वर्ष पछि मात्र विवाह गरौं ।
- बैशाख १ गते देखि १६ गते सम्म सञ्चालन हुने घटना दर्ता अभियानमा सहभागी बनौं ।
- आफ्नो वडा वा पायक पर्ने दर्ता शिविरमा गई व्यक्तिगत घटना दर्ता गराऔं ।

| मनोज कुमार साह | सिता देवी राजवंशी | देवराज चौधरी |
| --- | --- | --- |
| प्र.प्रशासकिय अधिकृत | उपाध्यक्ष | अध्यक्ष |

कटहरी गाउँपालिका, गाउँपालिकाको कार्यालय प्रदेश नं. १ मोरंग, नेपाल

# सिनेमाका समस्या र समाधान विषयक बृहत अन्तरक्रिया

विराटनगर, चैत ३ गते । नयाँ वर्ष २०८१ संगै विश्व कला दिवसको अवसरमा शुभकामना आदान प्रदान र कोशी प्रदेशका कलाकारहरुसँग सिने क्षेत्रका समस्या र समाधान विषयक बृहत अन्तरक्रिया कार्यक्रम विराटनगरमा सम्पन्न भएको छ ।



चलचित्र पत्रकार संघ नेपाल कोशी प्रदेशको आयोजना र चलचित्र पत्रकार संघ मोरंग शाखाको आयोजनामा भएको अन्तरक्रिया कार्यक्रमका प्रमुख अतिथी विराटनगर महानगर पालिकाका प्रमुख नागेश कोइराला रहेका थिए ।

अन्तरक्रियाको वक्ताहरुको रुपमा रहेका वरिष्ठ कलाकार प्रेम सुब्बा, हल व्यवसायि कुबेर शर्मा, चलचित्र निर्देशक केशव रायमाझी र गायक तथा कलाकार श्रीकृष्ण लुईंटेल 'बोकेदाह्रीं' संग सिने क्षेत्रमा देखिएको समस्या र समाधानका उपायका बारेमा छलफल भएको थियो ।

टिप्पणीकर्ताको रुपमा चलचित्र निर्देशक तथा नेपाल पत्रकार महासंघ केन्द्रिय सदस्य भीषण राई रहेका थिए । सिने क्षेत्रमा देखिएको समस्यालाई समाधन गर्न संघिय सरकार, प्रदेश सरकार र स्थानीय सरकारले पहल गर्नुपर्नेमा कलाकारहरुले जोड दिएका थिए ।

# दुई समुह बीच तनाव प्रहरीले गरे हवाई फायर

विराटनगर । रामनवमीको अवसरमा युवाहरुले श्रीराम र हनुमान अंकित झण्डा सहित निकालिएको ऱ्यालीमा अर्को समूहले अवरोध गरेपछि झडप भएको थियो ।

सो झडपलाई नियन्त्रणमा लिन प्रहरीले हवाई फायर र अश्रुग्याँस समेत प्रहार गरेपछि विराटनगरको रानी क्षेत्र तनाव ग्रस्त भएको थियो ।

सो झडमा विराटनगर-१५ का १८ वर्षिय शुभम कुमार यादव र एक जना ८ वर्षिय बालकको समेत टाउँकोमा चोट लागेको छ । यादवका अनुसार हाम्रो ऱ्यालीमा मुस्लिम समुदायका यूवाहरुले हस्तक्षेप गरेको र प्रहरीले पनि ऱ्यालीमा आएकोहरु माथि नै दमन गरको वताए ।

स्थानीयबासीका अनुसार विराटनगरको १५ र १७ को बीचमा रामनवमीको सन्दर्भ मा एउटा समूहले ऱ्यालीलाई अवरोध भएपछि विवाद बढेको थियो । अहिले रानी क्षेत्रमा प्रहरीको बाक्लो उपस्थिति छ । विराटनगरका हिन्दु धार्मिक संघ संस्थाले निकालेको र्यालीमा मुस्लीम समुदायको युवाहरुले अवरोध गरेपछि झडपको स्थिति सिर्जना भएको थियो ।

त्यसैगरी प्रहरी तर्फ प्रहरी सहायक निरीक्षक रुपेश थपलिया सहित ३ जना प्रहरी जवान समेत घाईते भएको छ । स्थितिलाई नियन्त्रण गर्नका लागि केही राउण्ड हवाई फायर र केही सेल अश्रुग्यास पनि प्रहार गरेको मोरङ प्रहरी उपरीक्षक नवराज कार्कीले बताए ।

## युवाको...

आयोगका अनुसार गत स्थानीय तहको निर्वाचनमा ३८५ स्वतन्त्र उमेदवार विजयी भएका थिए । तीमध्ये ७ जना मेयर र ६ गाउँपालिकाका अध्यक्ष गरी कुल १३ जना स्वतन्त्र उमेदवार निर्वाचित भएका छन् । वडाध्यक्ष मा स्वतन्त्र उमेदवारका रूपमा १३६ जना विजयी भएका छन् । त्यसैगरी उपमेयरमा २ स्वतन्त्र उमेदवार र २ उपाध्यक्षमा निर्वाचित भएका छन् । जम्मा २९३ नगरपालिका (महानगर सहित) र ४६० गाउँपालिका गरी ७५३ सिटमा कुल १३ वा लगभग २ प्रतिशतमात्र मेयर वा अध्यक्ष पदमा स्वतन्त्र उमेदवारहरूले जितेका छन् ।

स्वतन्त्र उमेदवारमध्ये पनि काठमाडौं र धरानका मेयरहरू बाहेक अरू धेरैले आफ्नो राजनीतिक दलबाट पन्छिएर वा उनीहरूको राजनीतिक दलहरूले उमेदवारीबाट वञ्चित गरेकोमा स्थानीय चुनाव लडेका थिए ।

हालसम्म काठमाडौं जिल्ला का सबै निर्वाचन क्षेत्रहरूमा स्वतन्त्र उमेदवार र अन्य धेरै जिल्लामा पनि स्वतन्त्र उमेदवारहरू निर्वाचनमा उठ्ने जानकारी सञ्चारमाध्यमहरूले दिँदैआएका छन् । तर यी स्वतन्त्र उमेदवारहरूमध्ये धेरै राजनीतिक दलहरूबाट पन्छिएका वा विद्रोही हुनेछन् वा उनीहरू आबद्ध राजनीतिक दलले उमेदवारी नदिएका कारण उमेदवार हुनेछन् ।

दोस्रो चुनौती बालेन हर्कको प्रभावले धेरै स्वतन्त्र उमेदवारहरूलाई आगामी आमनिर्वाचनमा लड्न प्रेरित गरेको भए पनि गठबन्धन राजनीति र निर्वाचनमा गत स्थानीय निर्वाचनबाट राजनीतिक दलहरूको व्यापकता र सिकाइका कारण यो चुनौतीपूर्ण हुनेछ । राजनीतिक दलहरूको गठबन्धन मतदानको शक्ति भत्काउन र पराजित गर्न स्वतन्त्र उमेदवारहरूलाई ठूलो चुनौती हुनेछ ।

तेस्रो, आगामी निर्वाचनमा अपेक्षाकृत धेरै स्वतन्त्र उमेदवार निर्वाचित भइहाले पनि संसद्मा राजनीतिक दलहरूको तुलनामा उनीहरू अल्पमतमा नै रहनेछन् । संसद्मा तिनको उपस्थितिलाई ठूला राजनीतिक दलले बिरलै महसुस गर्नेछन् । अर्थात् त्यसमा खासै ध्यान दिनेछैनन् । थोरै संख्याका स्वतन्त्र उमेदवारहरूले कानुन पारित गर्न संसदीय मतदान वा निर्णयलाई प्रभाव पार्न सक्ने छैनन् । उनीहरूको भूमिका संसद्मा प्रभावशाली राजनीतिक दलको मतदान र निर्णयलाई समर्थन गर्ने वा नगर्नेमा मात्र सीमित रहनेछ ।

**के विकल्पहरू छन् ?**

लामो समयदेखि प्रभाव शाली राजनीतिक दलहरूको विस्तारलाई ध्यानमा राखी ऊनीहरूको प्रभुत्व कसरी परिवर्तन गर्न सकिन्छ भनेर हेर्दा धेरै विकल्पहरू देखिँदैन । साथै, विकल्प भनिएका नयाँ राजनीतिक दलहरूबाट पनि धेरै आश गर्न सकिँदैन ।

ऊनीहरू आफ्नै आन्तरिक राजनीति र व्यक्तिगत राजनीतिक अवसरमा अलमलिएका छन् । विद्यमान ठूला राष्ट्रिय राजनीतिक दलहरू - नेपाल कम्युनिस्ट पार्टी (एमाले), नेपाली कांग्रेस र नेपाल कम्युनिस्ट पार्टी (माओवादी केन्द्र) हरूको सुधारको कल्पना गर्नु नै निरर्थक हो ।

यस्तै केही स्वतन्त्र राजनीतिक व्यक्तित्वहरू र इमानदार, प्रतिबद्ध र स्वच्छ दृष्टिकोण भएका नयाँ राजनीतिक दलहरू एकजुट भए स्थापित दलहरूको गठबन्धनको वर्चस्वको विरुद्धमा एउटा वैकल्पिक शक्ति निर्माण हुन सक्छ । तर, पनि नयाँ र स्वतन्त्र दलहरूको शक्तिलाई चुनाव जित्न र राष्ट्रिय स्तरमा शासन सञ्चालन गर्न लामो समय लाग्न सक्छ र कठिन काम हुन सक्छ । एउटा उदाहरण छिमेकी भारतको अरविन्द केजरीवालको आम आदमी पार्टी हो जुन २०१४ देखि दिल्लीमा प्रदेश सरकारमा सत्तामा छ ।

तर, भारतको राष्ट्रिय स्तरको राजनीति, चुनाव र शासनसम्म आम आदमी पार्टी विगत आठ वर्षको स्थापना कालमा त्यति प्रभावशाली हुनसकेको छैन ।

युवा देशको अनमोल शक्ति हो । भविष्यको सबैभन्दा ठूलो पुँजी हो । युवा वर्गको विशिष्ट शक्तिलाई राष्ट्र निर्माणको सन्दर्भमा समेट्नु आजको आवश्यकता हो । तसर्थ जे भयो, भयो । अब विगतको चिन्ता होइन, भविष्यको चिन्तन गर्नुपर्छ ।

राजनीति फोहोरी खेल हो भन्दै पन्छिने होइन फोहोर पोखरीमै पसेर सफा गरेर निस्कने आँट गर्नुपर्छ । पूर्व मेचीदेखि पश्चिम महाकाली सम्मको विशाल सेरोफेरोमा फैलिएको नेपाली भूगोलको सुन्दर, सभ्य, समुन्नत एवं विकसित मार्गचित्र तयार गरी देशका विकट बस्तीमा बसोबास गर्ने नागरिकको दुःख र व्यथालाई समेट्न सक्नुपर्छ ।

मुलुकको राजनीतिक, आर्थिक, सामाजिक, शैक्षिक विकास निर्माणलगायत हरक्षेत्रमा नेतृत्वदायी र हस्तक्षेपकारी भूमिका खेल्नुपर्छ । १रखरी

# फिल्मको टीम विराटनगरमा

विराटनगर । 'डिग्री माइला' फिल्मका कलाकारहरु, दयाहाङ राइ, आचल शर्मा, बिजय बराल कार्यकारी निर्माता मणिराम पोखरेल लगायतले दर्शकलाई धन्यवाद दिन र प्रतिक्रिया बुझ्नका लागि विराटनगर आएका छन् ।

नेपाली दर्शकहरुको अपार माया पाएपछि नेपाली फिल्म 'डिग्री माइला' का नायक दयाहाङ राई र नायिका आचल शर्मा लगायतको टिम मंगलबार विराटनगर आइ भाटभटेनी सुपर मार्केटको क्यूएफएक्स हलमा पत्रकारहरुसंग भेटघाट समेत गरेका थिए ।

नेपाली फिल्म 'डिग्री माइला' शुक्रबारदेखि देशभरीका सिनेमा हलहरूमा प्रदर्शन भई रहेको छ । फिल्म हेर्ने दर्शकलाई प्रत्यक्ष भेटेर धन्यवाद दिँदै फिल्मका राम्रा र नराम्रा पक्षबारे प्रतिक्रिया लिनुका साथै फिल्मको प्रचार प्रसार गर्ने उद्देश्यका साथ विराटनगर आएको कार्यकारी निर्माता मणिराम पोखरेलले वताए ।

# अदभुत माया सार्वजनिक

काठमाडौं । नयाँ बर्ष २०८१ सुरु भए संगै यसको पुर्वसन्ध्या र नयाँ बर्षको दिन परेर धेरै नेपाली गीतहरु सार्वजनिक भए यस्तैमा गायिका निता आचार्य र गायक एबम संगीतकार शंकर थापा 'स्माइल'ले पनि युगल स्वरमा रहेको नयाँ गीत 'अदभूत माया' पनि सार्वजनिक गरेका छन् ।

गीतकार अनिल संग्रौलाको शब्द रचना र शंकरकै संगीत रहेको गीतमा विश्व अधिकारीको एरेन्ज रहेको छ । मनाङ्ग जिल्लाको उच्च हिमाली भेगमा खिचिएको गीतको भिडियोमा प्रभातपाल ठकुरी र सोफी धरेलको अभिनय रहेको छ । केशबराज भट्टको कोरियोग्राफी र

वांकी अन्तिम पेजमा...


हार्दिक मंगलमय शुभकामना

नव वर्ष २०८१ सालको शुभ अवसरमा सम्पूर्ण दाजुभाई, दिदीबहिनीहरूमा सुख, शान्ति एवं उत्तरोत्तर प्रगतिको लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

जय प्रकाश महतो (महासचिव)
अखिल नेपाल पिछडावर्ग

हार्दिक मंगलमय शुभकामना

नव वर्ष २०८१ सालको शुभ अवसरमा सम्पूर्ण दाजुभाई, दिदीबहिनीहरूमा सुख, शान्ति एवं उत्तरोत्तर प्रगतिको लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

सुर्यनाथ प्रसाद सिंह (के. अध्यक्ष)
वृहत मधेशी नागरिक समाज